## प्रेस विज्ञप्ती

आदरणीय पत्रकार साथीहरु,

सर्व प्रथम गत भाद्र २३ र २४ गते "जेन-जी" पुस्ताको आव्हानमा भएको आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण नेपाली आमाका सपुतहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं। आन्दोलनकै क्रममा घाइते भई उपचाररत रहनु भएका सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

उक्त आन्दोललाई निर्ममतापूर्वक दमन गर्ने तत्कालिन सरकारको वर्बर र अमानवीय कार्यको घोर निन्दा एवं भर्त्सना गर्दै आन्दोलन दमनमा संलग्न व्यक्तिहरु उपर छानविन गरी अविलम्ब कडा भन्दा कडा कारवाहीको माग गर्छौं।

"जेन-जी" आन्दोलन माथिको दमनको विरोधमा भाद्र २४ गते भडकिएको भिडले नेपालको मुख्य प्रशासनिक केन्द्र तथा ऐतिहासिक भवन सिंहदरवार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय शितलनिवास लगायतका विभिन्न सरकारी संरचना तथा व्यापारिक एवं सञ्चार गृह र नीजि सम्पत्तिमाथि भएको तोडफोड, आगजनी र लुटपाटको घोर भर्त्सना गर्दै सो कार्यमा संलग्न व्यक्तिहरु आन्दोलनलाई बदनाम गराउने तत्वहरु हुन् भन्ने हाम्रो ठहर छ। यस्ता घृणित तत्वहरु उपर आवश्यक छानविन गरी कडा भन्दा कडा कारवाही होस् भन्ने हाम्रो माग रहेको छ।

यसै क्रममा गत भाद्र २४ गते नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा उहाँको परिवारमाथि भएको सांघातिक तथा अमानवीय आक्रमणको निन्दा एवं भर्त्सना गर्दै उहाँहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं।

आजको परिवर्तित राजनीतिक अवस्था र विषम राजनीतिक परिवेशमा नेपाली कांग्रेस मुकदर्शक रहन मिल्दैन। नेपालमा यस्तो अवस्था कसरी सिर्जना भयो? यसको कारण के हो? र कारक पक्ष को हो? भन्ने विषयमा अविलम्ब समिक्षा गरी निर्णयमा पुग्नु आजको प्राथमिक तथा ऐतिहासिक आवश्यकता हो।

नेपाली कांग्रेसको स्थापनाकालदेखि नै पार्टीसामु धेरै संकटहरु उत्पन्न भए। हामीले ती सबै संकट र चुनौतिहरुसँग मुकाविला गर्यौं। राष्ट्र, राष्ट्रियता र लोकतन्त्रमाथिका हरेक संकटको सामना गर्दै पार्टीमाथिका आक्रमणलाई परास्त गर्दै आएका छौं। तसर्थ यतिवेला उत्पन्न संकटलाई कसरी सामना गर्ने र भविष्यको यात्रा तय गर्ने भन्ने चुनौति हाम्रो अगाडि आइपरेको छ।

CamScanner

आजको अवस्था र परिस्थिति आउनुमा कतै विगतमा हामीले अख्तियार गरेका नीति, लिएका निर्णयहरु, चालिएका कदम र हामीले गरेका काम कारवाही त जिम्मेवार छैनन्? देशमा व्याप्त भ्रष्टाचार, कुशासन, वेथिति, समाजमा फैलिएको असन्तोष र चुलिदै गएको जनआक्रोशका लागि कतै हामी त जिम्मेवार छैनौ? यस वारे निर्मम समीक्षाको खाँचो छ। आज पार्टी सामु गम्भिर प्रश्नहरु उठेका छन। यसको सामना गर्नपर्ने बाध्यता हाम्रा लागि निकै कष्टकर तर पन्छाउने नसकिने प्रश्नहरु पहाड वनेर खडा भएका छन।

सरकार र पार्टी सञ्चालनका विषयमा पनि हामीले विगतमा धेरै पटक आलोचनात्मक र सिर्जनात्मक सुझाव दिएकै हो। साथै भविष्यमा उत्पन्न हुने सक्ने संकटका वारेमा पनि अवगत गराएकै हो। तथापि न त सरकार, न त पार्टीले नै सुनुवाई गर्न सक्यो। न त आफूलाई सच्याउन तयार भयो। नेतृत्वका कार्यशैलीका वारेमा वारम्वार प्रश्न उठाउने पार्टीका साथीहरुलाई किनारामा धकेल्ने र विभेदपूर्ण व्यवहार समेत भएको कुरा दु:खका साथ स्मरण गराउन चाहन्छौ।

तसर्थ, यी सवै विषयमा छलफल गरी विगतका गल्तीहरुप्रति आम देशवासी तथा शुभेच्छुक समर्थकहरुसँग क्षमा माग्न र सुधारिएर भविष्यको वाटो तय गर्न विशेष महाधिवेशन बाहेक अर्को उपयुक्त थलो वा माध्यम छैन, हुन पनि सक्दैन। तसर्थ देशको वर्तमान अवस्थाको गम्भिरता, पार्टीको अवस्था र नेतृत्वमाथि उठेका विभिन्न प्रश्नहरु निरुपण गर्दै आगामी वाटो तय गर्न विशेष महाधिवेशनको आवश्यकता महसुस गरी हामी तपशिलका महाधिवेशन प्रतिनिधीहरु नेपाली कांग्रेसका सम्पूर्ण साथीहरुलाई यस अभियानमा जोडिन विनम्रतापूर्वक आग्रह गर्दछौ।

वर्तमान परिस्थितिको गम्भिरता वोध गरी केन्द्रीय समितिको क्षेत्राधिकार समेत रहेको विशेष महाधिवेशन वोलाउने दायित्वलाई केन्द्रीय समितिले मनन् गर्ने संभावना क्षीण वन्दै गएकाले हामी महाधिवेशन प्रतिनिधीहरुमा रहेको वैधानिक अधिकारको उपयोग गर्दै तयारीमा लाग्ने संकल्प लिएका छौ।

यो पार्टीलाई यथास्थितिमा राख्ने कि अग्रगमनतर्फ लैजाने आजको मूल प्रश्न यही हो। आजको विषम परिस्थिति र संकटवाट नेपाली कांग्रेसलाई मुक्त गर्न वर्तमान केन्द्रीय समिति मात्र होइन हाम्रो पनि उत्तिकै दायित्व हो। इतिहासको यस संवेदनशिल घडीमा पार्टीलाई वर्तमान दुरावस्थावाट निकालेर समयसापेक्ष, लोकप्रिय, प्रभावकारी र सुदृढ तुल्याउन आवश्यक रहेको जिम्मेवारीवोध गरी पार्टी विधानको धारा १७(२) बमोजिम विशेष महाधिवेशनको प्रक्रियामा सामेल हुन आग्रह गर्दछौ।

जय नेपाल।

मिति: २०८२/०६/०६

| | | |
|---|---|---|
| गुरुराज घिमिरे | देवराज चालिसे | नारायण प्रसाद भट्टराई |
| जनकराज गिरी | तारानाथ दाहाल | उज्जवल बराल |
| रामपल्टन साह | विनोद खनाल | टेकराज पौडेल |
| सुरज काफ्ले | रुद्र कन्दङ्वा | प्रफुल्ल घिमिरे |
| मेदनी सिटौला | कुमार लुइटेल | पुष्प शर्मा |
| प्रविण ओझा | डिल्लीराम गिरी | मानबहादुर रावल |
| दिक्पाल शाही | रुद्र बहादुर गिरी | गोमा के सी |
| युवराज पाण्डे | निमा गिरी | मानबहादुर लिम्बु |
| टीका गुरुङ | रेखा यादव | विष्णुदेवी पाण्डे |
| कृष्ण रिजाल | अमृत ज्ञवाली | द्रोण बहादुर खड्का |
| ऋषिकेश तिवारी | दिनेश कार्की | रघुरमण न्यौपाने |
| युवराज भट्टराई | महेश कार्की | विनोद यादव |
| वीर बहादुर राना | विष्णु प्रसाद खनाल | रुद्र प्रसाद अधिकारी |
| सुरेन्द्रराज आचार्य | भरत बहादुर खड्का | महेन्द्रध्वज जि सी |
| मुकेश घिमिरे | | |

| | | |
|---|---|---|
| रघुनाथ पौडेल | केशर निर्बोधी | अर्जुन गेरचन |
| रामसरोज यादव | जगदीश उपाध्याय | शेष विकल |
| प्रकाश पौडेल | निरज पुन | हरि प्रसाद श्रेष्ठ |
| रीता शाही | शिव सुनार | भीम श्रीस |
| गीता गुरुङ | बजरंग नेपाली | नरेन्द्र केरुङ |
| देवेन्द्र गुरुङ | विमला नेपाली | रामचन्द्र जोशी |
| राम शर्मा | सीता कापले | लालकाजी गुरुङ |
| रेशम बानियाँ | सम्झना वर्मा | गणेश भट्ट |
| महन पोखेल | शोभा अधिकारी | प्रेमध्वज लामा |
| गिरिजाप्रसाद कोइराला | उद्दिप राई | निर्मला खड्का |
| भगवती राई | सुवास तोहनी | दीपेन्द्र श्रेष्ठ |
| गजेन्द्र कार्की | नम्रता बराल | सन्तोष सुब्बा |
| प्रभाकर थापा | धिरेन्द्र मोहन झा | अमिता प्रधान |
| रामकृष्ण मण्डल | तारा हाङताबा | गोविन्द रानाभाट |
| इन्द्र रिजाल | प्रेम पौडेल | नविन थापा |
| गोविन्द बहादुर मल्ल | हिम रावल | बल बहादुर कुवर |
| चतुर बहादुर चन्द | श्रीराम उपाध्याय | कुमारी हायु |
| माया बस्नेत | उपेन्द कुसवाह | शक्तिराज राई |
| योगेन्द्र रावल | चित्र के सी | धर्मराज राई |
| रीता सेन | हृदयनारायण यादव | बालकृष्ण घिमिरे |
| चेतन पौडेल | मनोज भट्ट | चिरन्जीवी पौडेल |
| कृष्णव्रत सिंह | राजेन्द्र प्रसाद बुर्लाकोटी | अष्टभुजा पाठक |